जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९,  स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२   अंक २०४   २०७९ साल चैत २ गते बिहीबार   (16 Mar.  2023 Thursday)   मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।


**जनहीतका लागि**

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : विद्युतीय चुलोप्रति मधेसवासीको३ पृष्ठमा : डढेलोको असर : वनमा ... ३ पृष्ठमापूर्वप्रम खानका समर्थक र प्रहरीबीच.

## भारतीय महिलाले किर्ते गरी लिएको नेपाली नागरिकता बदर गर्न माग



**दैनिक समाचारदाता**
**राजविराज, १ चैत ।**

एक भारतीय महिलाले किर्ते गरी लिएको नेपाली नागरिकता बदरको माग गर्दै प्रहरीमा जाहेरी परेको छ ।

सप्तरीको राजगढ गाउँपालिका ५ निवासी राधेश्याम झाले भारत विहार राज्य जिला मधुवनी ग्रामपंचायत लोकही वडा नं.५ कि फातमा खातुनले नाम परिवर्तन गरी ठकनी खातुन राखेर नेपाली नागरिकता लिएको दाबी प्रमाणका साथ जाहेरी दिएका छन् । प्रहरीले वास्तविकता नबुझी जाहेरी दर्ता गर्न आलटाल गरेको भन्दै झाले बुधबार हुलाक मार्फत उक्त जाहेरी पठाएका छन् ।

फातमाले २०६४ साल बैशाख ८ गते नाम परिवर्तन गरी ठकनी खातुन राखेर जिल्ला प्रशासन कार्यालय सप्तरीबाट अंगिकृत नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको जाहेरीमा उल्लेख छ । उनको नाममा जारी भएको भारतीय आधार कार्ड, भारतीय बैंकहरुमा खाता, भारतीय मतदाता सुचीमा नाम समेत रहेको तथा निज भारतको लोकही ग्रामपंचायतको स्थायीवासी रहेको भनी त्यहाँका मुखिया शनिचरी देवीले प्रमाणित समेत गरीदिएको कागजातहरु समेत जाहेरी संगै प्रमाणका रुपमा पेश गरिएको छ ।

लोकही ग्रामपंचायतका मुखिया शनिचरी देवीले प्रमाणित गरेको पत्रमा दाउद मंसुरीको पत्नी फातमा खातुन र ठकनी खातुन एउटै ब्यक्ती भएको र उनी हाल सम्म भारतीय नागरिक नै रहेको उल्लेख गरिएको छ ।

खातुनले प्राप्त गरेको नेपाली नागरिकताको प्रमाण पत्र नम्बर १६३०७२/७९ हो भने भारतीय आधार कार्ड नम्बर १२०७०१६२१९९६०००१४१८, एफ पीएस आईडी १२०७००२००००५ तथा ओएन ओआरसी इलिजीविटी एस हो । जाहेरीमा किर्ते गरी दुई देशको नागरिकता लिने र दुबै देशबाट सरकारी सुविधा लिने खातुन माथी छानवीन तथा नागरिकता ऐन २०६३ को दफा १२ बमोजिम कारवाही चलाउन आग्रह गरिएको छ ।

उनले प्राप्त गरेको नेपाली नागरिकतामा राजगढ गाउँपालिका १ निवासी मो. दाउद मंसुरीको पत्नी ठकनी खातुन उल्लेख छ । भारतीय आधार कार्डमा भने भारतको विहार राज्य ग्रामपंचायत लोकही वार्ड नम्बर ५ निवासी मो.दाउद मंसुरीको पत्नी फातमा खातुन भनी उल्लेख छ ।

फातमा खातुनको भारतीय आधार कार्ड नम्बर कै आधारमा इण्डियन बैंक इलाहबादमा खाता समेत संचालनमा रहेको पाइएको छ । उनको इण्डियन बैंकमा रहेको खाताको नम्बर ५९१०३०९१४८ हो । जाहेरीमा खातुनको नाममा भारत विहार राज्यको विधान सभा निर्वाचनका लागी तयार गरिएको मतदाता सूची समेत संलग्न गरी बुझाइएको छ । सूचीमा खातुनको नाममा समावेश गरिएको छ ।

उक्त सूचीमा खातुनको मतदाता क्रमसंख्या ३४-जेड क्यूक्यू १८७४९८१ रहेको छ । जाहेरीमा खातुनले भारत सरकारको निर्वाचन आयोगबाट लिएको फोटो सहितको पहिचान पत्र र सपथ पत्र पनि समावेश गरीएको छ । यसबारे खातुन संग बुझ्न प्रयास गर्दा हाल उनी बाहिर गएकाले सम्पर्क हुन सकेन ।

यता प्रहरीले जाहेरी प्राप्त भएपछी वास्तविकता बुझ्ने काम हुने जनाएको छ । जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी नरेश कुमार सिंहले यस्ता उजुरी जिल्ला प्रसासन कार्यालयमा दिदा अझ उपयुक्त हुने बताए ।

## अधुरो योजनाहरु यथाशिघ्र सम्पन्न गर्न निर्देशन



**दैनिक समाचारदाता**
**राजविराज, १ चैत ।**

सप्तरीमा संचालित विकासीय योजनाहरुको काम यथाशिघ्र सम्पन्न गर्न निर्देशन दिइएको छ ।

जिल्ला प्रशासन कार्यालय सप्तरीमा बुधबार आयोजित छलफल कार्यक्रममा योजनाका ठेकेदार, जनप्रतिनीधी, सुरक्षा निकायका प्रमुख, बिभिन्न कार्यालयका प्रमुखहरुलाई समेत राखेर त्यस्तो निर्देशन दिइएको हो ।

प्रमुख प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाको अध्यक्षतमा आयोजित छलफलमा ३/३ पटक म्याद थप्दा पनि कतिपय योजनाको काम अझै अधुरो रहेको भन्दै त्यसबाट जनताले सास्ती समेत पाउने अवस्था आएको उनले बताए ।

राजविराज वसपार्क र हटियाको सपिङ कम्प्लेक्स निर्माणको ३/३ पटक म्याद थप्दा पनि अझै अधुरा रहेकोले त्यस्ता ढिलासूस्ती अब सहन नहुने उनले जनाए । त्यस्तै जिल्लामा संचालित सिरहा सडक, हुलाकी सडक, रुपनी सडक लगायतका योजनाको काम पनि छिट्टै सम्पन्न गर्नु पर्ने उनको भनाई थियो ।

कार्यक्रममा बोल्दै प्रतिनीधी सभा सदस्य दिनेश कुमार यादवले पटक पटक म्याद थपेर पनि योजनाहरु अधुरै रहनु लाजमर्दो कुरा रहेको भन्दै यसले जनतालाई समेत पीडा पुगी रहेको तर्फ ध्यानाकर्षण गराएका थिए ।

राजविराज नगरपालिकाका कार्यवाहक प्रमुख इशरत प्रविणले म्याद गुज्रेर पनि काम अधुरो रहेको अवस्थामा व्यवहारिकतालाई ध्यानमा राखी आफूहरुले म्याद थप गर्दा समेत काम पुरा नगरेर ढाँटने काम मात्र भइरहेको भन्दै यस्तो पाराले विकासीय काममा लगाएको लगानी समेत निरर्थक हुने अवस्था आएको बताईन । उनले अब ठेकेदारले गर्ने कुनै पनि वहाना उपर सुनवाई नहुने सचेत गराउँदै थपिएको म्याद भित्र पनि काम नसक्नेलाई कानुन बमोजिम कारवाही हुने समेत चेतावनी दिइन ।

प्रहरी उपरिक्षक नरेन्द्र कुमार

***बाँकी अन्तिम पृष्ठमा***

## बालिका बलात्कार गरेको आरोपमा १९ वर्षीय युवकलाई जन्मकैद फैसला

**दैनिक समाचारदाता**
**राजविराज, १ चैत ।**

सप्तरीमा १० वर्षीया बालिकालाई बलात्कार गरेको कसुरमा एक अभियुक्तलाई जिल्ला अदालत सप्तरीले जन्मकैद सजाय सुनाएको छ ।

न्यायाधीश हर्कबहादुर क्षेत्रीको इजलासले सप्तरीको डाक्नेश्वरी नगरपालिका ३ हटेलका १९ वर्षीय चन्दनकुमार साहलाई अदालतले जन्मकैदको सजाय सुनाएको हो ।

अभियुक्त साहले बालिकालाई २०७८ फागुन २२ गते दिउँसो बलात्कार गरेका थिए । पीडितकी आमाले इलाका प्रहरी कार्यालय कल्याणपुरमा घटनाकै दिन उजुरी दिएकी थिइन् । बुबाआमा ज्याला मजदुरीका लागि घरबाहिर गएको मौका छोपी आरोपितले घरदेखि पश्चिम रहेको पोखरीको डिलमुनि लगेर बलात्कार गरेको पीडितले बयान दिएकी थिइन् ।

इलाका प्रहरी कार्यालय कल्याणपुरले आरोपितलाई २०७८ फागुन २२ गते पक्राउ गरेको थियो । जिल्ला अदालतमा २०७८ चैत १७ गते अभियोजनपत्र दायर भएकोमा जिल्ला न्यायाधीश प्रमेश पोखरेलको आदेशमा आरोपित २०७८ चैत २० गतेदेखि पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा थिए ।

यस्तै सप्तरीकी २५ वर्षीया महिलालाई बलात्कार गरेको कसुरमा सप्तरी डाक्नेश्वरी नगरपालिका ८ का एक युवकलाई सात वर्ष कैद सजाय भएको छ । सप्तरी जिल्ला अदालतका न्यायाधीश श्याम विहारी मौर्यको इजलासले ३० वर्षीय सुन्दर मुखियालाई सात वर्ष कैद सजाय हुने फैसला गरेको हो ।

आरोपितलाई सात वर्ष कैदका साथै पीडितका लागि ५० हजार क्षतिपूर्ति दिनुपर्ने र फौजदारी कसुर राहत पीडित कोषमा एक हजार तीन सय जम्मा गर्नुपर्ने फैसला भएको हो । आरोपित ०७६ पुस ११ गते पक्राउ परेपछि माघ ६ गतेदेखि पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा थिए ।

## बहुविवाह मुद्दामा पक्राउ परेका खंग कारागार चलान

**भस्दैनिक समाचारदाता**
**राजविराज, १ चैत ।**

जिल्ला अदालत सप्तरीले बहुबिबाह मुद्दामा फरार एक प्रतिबादीलाई पक्राउ गरि कैद भुक्तानका लागि राजविराज कागागार चलान गरेको छ ।

मन्जुदेवी खंगको जाहेरीले फरार प्रतिबादी सप्तरीको छिन्नमस्ता गाँउपालिका वडा नं. २ निवासी २४ बर्षिय सुरेन्द्र खंगलाई अदालतले सुनाएको १ वर्ष २ महिना कैद फैसलालाई कार्यान्वयनका लागि कारागार चलान गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

प्रहरीका अनुसार २०७६ साल पुस २९ गते सो मुद्धामा अदालतले फैसला गरेपनि खंग फरार भएका थिए । फरार रहेका उनलाई फागुन ३० गते पक्राउ गरी बुधबार सप्तरी जिल्ला अदालतमा उपस्थित गराई कैद भुक्तानका लागि कारागार चलान गरिएको जनाइएको छ ।

## कर्मचारीको विवरण बुझाउन निर्देशन

काठमाडौँ, १ चैत (रासस) ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सङ्घीय कार्यालयका कर्मचारीहरूको विवरण माग गरेको छ । मन्त्रालयले सबै मन्त्रालय, संवैधानिक आयोग र संवैधानिक निकायहरूलाई परिपत्र गर्दै तीन दिनभित्र कर्मचारीको विवरण बुझाउन आग्रह गरिएको छ ।

मन्त्रालयका उपसचिव कमानसिंह थापाद्वारा हस्ताक्षरित उक्त परिपत्रमा भनिएको छ, "मन्त्रालय-संवैधानिक आयोगको स्वीकृति सङ्गठन संरचनाबमोजिम कर्मचारीको पदपूर्तिसम्बन्धी ढाँचामा कर्मचारीको विवरण तीन दिनभित्र मन्त्रालयको कर्मचारी महाशाखामा बुझाउन निर्णयअनुसार अनुरोध छ ।"

उक्त परिपत्रमार्फत मन्त्रालयले पद, श्रेणी, सेवा समूह, स्वीकृत दरबन्दी, पदपूर्ति, रिक्त, फाजिल, सरुवा लगायतको विवरणसमेत माग गरेको हो ।

# विद्युतीय चुलोप्रति मधेसवासीको बढ्दो आकर्षण

ढल्केबर (धनुषा), १ चैत (रासस) ।

केही वर्षअघिसम्म घरका भित्ता र सडकमा समेत गाईवस्तुका गोबरलाई गुइँठा बनाएर सुकाई खाना पकाउने इन्धनको रूपमा प्रयोग गर्ने मधेस प्रदेशका ग्रामीण क्षेत्रका बासिन्दा आजभोलि विद्युतीय चुलोतिर आकर्षित भएका छन् । गाउँ-गाउँसम्म केन्द्रीय प्रसारणको विद्युत् लाइन विस्तार भएसँगै भान्छामा स्वच्छ ऊर्जाको प्रयोग गर्नु पर्दछ भन्ने जनचेतनाका कारण विद्युतीय चुलोको प्रयोग बढ्न थालेको हो ।

यहाँका अधिकांश युवा वैदेशिक रोजगारमा जाने गरेको र कतिपय व्यक्तिहरूले स्वदेशमै विभिन्न व्यवसायमा संलग्न भएसँगै परिवारको आर्थिक स्थितिमा सुधार आउँदा पक्की घरको निर्माण गर्ने, भान्छामा एलपी ग्यास वा विद्युतीय चुलोको प्रयोगलाई प्राथमिकता दिन थालिएको छ । एलपी ग्यास प्रयोग गर्न सजिलो भए पनि कहिलेकाहीं खोजेको बेला नपाउने, बजारसम्म सिलिन्डर लैजान ल्याउन कठिन हुने र पड्किन सक्ने जोखिम हुने भएकाले पछिल्लो समय विद्युतीय चुलोको प्रयोगतर्फ स्थानीयवासीको आकर्षण बढ्न थालेको देखिन्छ ।

एकपटक खरिद गरेपछि लामो समयसम्म प्रयोग गर्न सकिने र घरमा जता पनि लगेर पकाउन मिल्ने भएकाले पनि यो चुलो गृहिणीहरूको रोजाइमा पर्न थालेको छ । एलपी ग्यासको तुलनामा विद्युतीय चुलो आर्थिक हिसाबले पनि सस्तो पर्ने भएकाले यसतर्फ उपभोक्ताहरू आकर्षित भएका हुन् । बटेश्वर गाउँपालिका सीतापुर खोरियाकी शिवकुमारी सिंह ग्यास चुलोमा भन्दा विद्युतीय चुलोमा खाना पकाउन सहज र सुरक्षित महसुस हुने बताउनुहुन्छ । उहाँको छ जनाको परिवारलाई बत्ती बाल्नुबाहेक बिहान-बेलुका दाल, भात र तरकारी पकाउन र दिउँसो चिया, खाजा बनाउँदा महिनामा सात-आठ सय रुपैयाँको विद्युत् महसुल लाग्ने गर्दछ । उहाँ भन्नुहुन्छ, "पहिला दुई हजार तिरेर ल्याएको ग्यासले महिना दिन पनि पुग्न मुस्किल हुन्थ्यो । अहिले विद्युतीय चुलो प्रयोग गर्न थालेपछि ग्यास किन्ने खर्च बचत भएको छ ।"

स्थानीय विद्यालयकी सोही ठाउँकी शिक्षिका कृष्णकुमारी सिंहलाई पनि विद्युतीय चुलो प्रयोग गर्न थालेपछि भान्छाको काममा श्रीमान् र छोराछोरीले पनि सहयोग गरेको बताउनुहुन्छ । विद्युतीय चुलोमा खाना छिटो तयार हुँदा विद्यालय समयमा जान सकेको बताउँदै उहाँ भन्नुहुन्छ, "मेरो देखासिकीबाट अन्य शिक्षकहरूले पनि विद्युतीय चुलो प्रयोग गर्न थालेका छन् ।"

पहिले त स्थानीय रेणुदेवी महतोलाई विद्युतीय चुलोमा रोटी पकाउन, मकै आदि भुट्न मिल्दैन होला भन्ने लागेको थियो । तर चुलोमा मिल्नेखालका भाँडोमा सबै चिज पकाउन मिल्ने भएकाले उहाँ अचेल सधैं विद्युतीय चुलोकै प्रयोग गर्न थाल्नु भएको छ । उहाँ भन्नुहुन्छ, "अब ग्यास सकिएला कि, बजारमा नपाउने हो कि भन्ने चिन्ता भएन ।" सात महिनाअघि चुलो प्रयोग गर्न थालेपछि उहाँले ग्यास किन्न बजार नगएको उहाँ बताउनुहुन्छ ।

उपभोक्तालाई चुलो किन्न एकमुष्ठ रकम तिर्न नपरोस् भनी लघुवित्त संस्थाहरूले सहुलियत दरमा ऋण सेवासमेत उपलब्ध गराएका छन् । यहाँका ग्रामीण बस्तीका बासिन्दालाई स्वच्छ ऊर्जामा पहुँच पुऱ्याउने उद्देश्यले सामाजिक उत्तरदायित्वअनुसार मिथिला लघुवित्त संस्थाले विद्युतीय चुलो खरिदका लागि सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउँदै आएको छ । मधेस प्रदेशका आठवटै जिल्लालाई कार्यक्षेत्र बनाएको यस संस्थाले हालसम्म करिब पाँच हजार चुलोका लागि ऋण उपलब्ध गरिसकेको र आगामी चैतभित्र १० हजार घरपरिवारमा चुलो विस्तार गर्ने लक्ष्य लिएको संस्थाका प्रमुख कार्यकारी अधिकृत महेशकुमार चौधरी बताउनुहुन्छ । उहाँका अनुसार संस्थामा आबद्ध निरक्षर महिलालाई विद्युतीय चुलो सञ्चालनसम्बन्धी तालिम प्रदान गरिएको थियो ।

विद्युतीय चुलोका प्रयोगकर्ता आफ्ना सदस्यहरूलाई मोबाइल एपमार्फत विद्युत् महसुल भुक्तानी गर्ने सुविधा दिन लागिएको बताउँदै उहाँले भन्नुभयो, "कतिपय सङ्घसंस्था र स्थानीय निकायले निःशुल्करूपमा वितरण गरेको चुलो प्रयोगमा नरहेको तर हामीले वितरण गरेको चुलो शतप्रतिशत उपयोगमा आएको छ ।" चुलोको फाइदाका बारेमा जनचेतना अभिवृद्धि गर्नु आवश्यक रहेको उहाँको भनाइ छ ।

साझेदार लघुवित्त संस्थाहरूले आफ्ना सदस्यहरूको बीचमा चुलोको फाइदा, उपयोग गर्ने तरिका तथा बिक्रीपछिको सेवाका बारेमा सचेतना फैलाएका छन् । लघुवित्त संस्थाहरूले ठूलो सङ्ख्यामा चुलो प्रवर्द्धन गर्नका लागि कम्पनीहरूसँग सहकार्य गरेकाले उपभोक्ताले बजार मूल्यभन्दा सस्तोमा चुलो किन्न पाएका छन् । साथै ग्यारेन्टी अवधि पनि एक वर्षबाट बढाएर डेढ वर्ष बनाइएको छ ।

विद्युतीय चुलो आपूर्ति गर्ने कम्पनीहरूले बिक्रीपछिको सेवाका लागिसमेत मर्मत केन्द्रहरूको स्थापना गरेका छन् । चुलो वितरणसँगै यसमा आउने प्राविधिक समस्याको समाधान गर्न ठाउँ-ठाउँमा वर्कसपहरू सञ्चालनमा आएका छन् । कतिपयले यसलाई राम्रो रोजगारीको क्षेत्रसमेत बनाएका छन् । जनकपुर महानगरपालिका-९ वंशीचोकका गोपाल ठाकुर कायस्थले जुनसुकै ब्रान्डका विद्युतीय चुलोलगायत अन्य विद्युतीय उपकरणहरू मर्मत गरी राम्रो आम्दानी गर्नुभएको छ ।

स्वदेशमा उत्पादित विद्युत्को उपयोग बढाउने तथा खाना पकाउनका लागि स्वच्छ ऊर्जाका प्रविधि प्रवर्द्धन गर्ने उद्देश्यले बेलायत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा नेपाल सरकारद्वारा सञ्चालित नेपाल नवीकरणीय ऊर्जा आयोजनाले विद्युतीय चुलोको प्रवर्द्धनमा जोड दिएको छ । यस परियोजनाले छवटा साझेदार संस्थाहरूको सहकार्यमा ६० हजारभन्दा बढी विद्युतीय चुलोको प्रवर्द्धन गर्ने गरी सम्झौता गरेको छ ।

मधेस प्रदेशमा एक सय ३६ स्थानीय तहमध्ये ३४ स्थानीय तहमा पूर्णरूपले र एक सय दुई तहमा आंशिकरूपले विद्युतीकरण भएको छ । यहाँका कुल १० लाख ८९ हजार आठ सय ७४ घरधुरीमा तीन हजार सात सय ५९ घरमा विद्युतीकरण भएको छैन । विद्युत्को पहुँच पुगेका घरपरिवारमा खाना पकाउने ऊर्जाको रूपमा विद्युतीय चुलोको प्रयोगलाई बढाउन प्रयास भइरहेको बताउँदै परियोजनाका मधेस प्रदेश संयोजक अभय कर्ण भन्नुहुन्छ, "स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन उनीहरूमा स्वच्छ ऊर्जाको पहुँच विस्तार गर्नु आवश्यक हुने भएकाले यसलाई उच्च प्राथमिकता दिइएको हो । निर्धारित अवधिभित्रै लक्ष्य हासिल हुनेछ ।"

विद्युतीय चुलो प्रवर्द्धनका लागि बजारमा आधारित प्रणाली अवलम्बन गरी दिगोरूपमा विद्युतीय चुलोको उपयोग बढाउने रणनीति कार्यक्रमको रहेको छ । यस परियोजनामार्फत हालसम्म १० हजारभन्दा बढी विद्युतीय चुलो प्रवर्द्धन भइसकेको परियोजनाका उपटोली प्रमुख प्रेमसागर सुवेदी बताउनुहुन्छ । उहाँ नवीकरणीय ऊर्जा परियोजनाहरूमा निजी तथा सार्वजनिक क्षेत्रको लगानी प्रवर्द्धन गर्ने उद्देश्यले केन्द्रीय नवीकरणीय कोषअन्तर्गत रहने गरी दिगो ऊर्जा चुनौती कोषको स्थापना गरिएको र यसबाट निजी क्षेत्रका व्यवसायीहरूलाई उपकरण बेच्ने मात्र नभई ऊर्जा उद्यमीको रूपमा प्रवर्द्धन गर्ने अवसर प्राप्त हुने विश्वास व्यक्त गर्नुहुन्छ । नवीकरणीय ऊर्जाका आयोजनाहरूको दिगोपनमा योगदान पुऱ्याउनुको साथै ती आयोजनाहरूको प्रतिफल जनतासम्म निरन्तर पुऱ्याउने तथा कर्जाका लागि वित्तीय मध्यस्थतासमेत हुने भएकाले कोष निकै प्रभावकारी हुने बताइएको छ ।

परियोजनाका टोली प्रमुख सुमन बस्नेतका अनुसार हरेक बस्ती ऊर्जा बस्तीको अवधारणाअनुसार खानेपानी, सिँचाइ, सौर्य सडकबत्ती, राष्ट्रिय प्रसारण लाइनमा आबद्ध गरिने विकेन्द्रीकृत ऊर्जा प्रणालीबाट ऊर्जा उत्पादन, नेट मिटरिङ, ऊर्जा सम्मिश्रण र रुफटप सौर्य प्रणालीमा लगानी गरिनेछ । राष्ट्रिय प्रसारण लाइन पुगिसकेका क्षेत्रमा रहेका साना, लघु जलविद्युत् तथा अन्य मिनीग्रिड आयोजनाहरू राष्ट्रिय प्रसारणमा जोड्न सकिने उहाँ बताउनुहुन्छ । परियोजना कार्यान्वयनबाट आम उपभोक्ता सबैलाई स्वच्छ ऊर्जाको पहुँच विस्तार गरी जीवनस्तरमा सुधार ल्याउन र आयातित तथा परम्परागत ऊर्जाको निर्भरतालाई कम गरी मुलुकलाई ऊर्जा आत्मनिर्भर हुन सहयोग पुग्नेछ । साथै बढ्दो व्यापार घाटालाई न्यून गर्न पनि सहयोग पुग्ने हुँदा मुलुकको अर्थतन्त्रमै सकारात्मक प्रभाव पर्ने बताइएको छ ।

# बजेट घाटा डेढ खर्ब नाघ्यो, पूँजीगत खर्च २२ प्रतिशत मात्रै

काठमाडौं, १ चैत (रासस) ।

चालु आर्थिक वर्ष २०७९/८० को आठ महिनामा सरकारको बजेट घाटा रू एक खर्ब ५६ अर्ब ४४ करोड नाघेको छ । फागुन मसान्तसम्म सरकारले रू सात खर्ब ७९ अर्ब २३ करोड बराबर बजेट खर्च गर्दा राजस्व सङ्कलन भने रू छ खर्ब २२ अर्ब ७८ करोड १४ लाख मात्रै छ ।

महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक गरेको चालु आवको फागुन मसान्तसम्मको राजस्व सङ्कलन र बजेट खर्च विवरणअनुसार सरकारको आम्दानीभन्दा खर्च बढी देखिन्छ । यो अवधिमा सरकारी राजस्व सङ्कलन वार्षिक लक्ष्यको ४२ दशमलव ७ प्रतिशत छ भने बजेट खर्च ४३ दशमलव ४४ प्रतिशत छ ।

चालु आर्थिक वर्षका लागि सरकारले रू १७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाख बराबरको बजेट ल्याएको थियो । तर, लक्ष्यअनुसार राजस्व नउठेको भन्दै अर्धवार्षिक समीक्षामार्फत् बजेटको आकार १४ प्रतिशत अर्थात् रू दुई खर्ब ४४ अर्बले घटाएर रू १५ खर्ब ४९ अर्ब ९९ करोड कायम गरिएको छ ।

सुरुआती विनियोजित बजेटको तुलनामा आठ महिनाको बजेट खर्च ४३ दशमलव ४४ प्रतिशत मात्रै छ । अर्थात् फागुन मसान्तसम्म सरकारले कूल रू सात खर्ब ७९ अर्ब २३ करोड बजेट खर्च गरेको छ ।

यस अवधिमा सरकारको चालु खर्च ५१ दशमलव ४६, पूँजीगत खर्च २२ दशमलव १५ र वित्तीय व्यवस्थातर्फको खर्च ३७ दशमलव ४१ प्रतिशत छ । चालुगत शीर्षकमा रू ११ खर्ब ८३ अर्ब २३ करोड ५१ लाख बराबर वार्षिक विनियोजन रहेकोमा हालसम्म रू छ खर्ब आठ अर्ब ८४ करोड ४५ लाख बराबर छ ।

त्यस्तै, पूँजीगत शीर्षकमा रू तीन खर्ब ८० अर्ब ३८ करोड ४५ लाख वार्षिक विनियोजन रहेकोमा २२ दशमलव १५ प्रतिशत अर्थात् रू ८४ अर्ब २५ करोड ६० लाख बराबर मात्रै खर्च भएको छ । वित्तीय व्यवस्थापनतर्फ रू दुई खर्ब ३० अर्ब २१ करोड ७७ लाख वार्षिक बजेट छुट्याइएकोमा फागुन मसान्तसम्म रू ८६ अर्ब १२ करोड ९६ लाख खर्च भएको छ । महालेखा नियन्त्रकको तथ्याङ्क हेर्दा आठ महिना अवधिमा पूँजीगत खर्चभन्दा वित्तीय व्यवस्थातर्फको खर्च बढी छ ।

फागुन मसान्तसम्ममा सरकारी राजस्व सङ्कलन वार्षिक लक्ष्यको ४२ दशमलव सात प्रतिशत बराबर मात्रै छ । चालु आर्थिक वर्षका लागि सरकारले रू १४ खर्ब ५८ अर्ब ६० करोड ५३ लाख राजस्व उठाउने लक्ष्य राखेकोमा हालसम्म रू छ खर्ब २२ अर्ब ७८ करोड १४ लाख मात्रै असुली भएको छ । जसमध्ये आन्तरिक राजस्व सङ्कलन ४१ दशमलव ५३ प्रतिशत अर्थात् रू पाँच खर्ब ८२ अर्ब ७७ लाख १५ हजार रहेको छ ।

यसवर्ष रू ५५ अर्ब ४५ करोड ८३ लाख वैदेशिक सहायता लिने सरकारको लक्ष्य रहेकोमा हालसम्म आठ दशमलव ६६ प्रतिशत अर्थात् रू चार अर्ब ८० करोड २० लाख बराबर मात्रै वैदेशिक सहायता भित्रिएको छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# डढेलोको असर : वनमा चराचुरुङ्गी र वन्यजन्तुको चहलपहल घट्यो

महोत्तरी, १ चैत (रासस) ।

वनमा पस्ने बित्तिक्कै सुनिने चराचुरुङ्गीको चिरबिर महोत्तरीमा सुनिन छाडेको छ । रङ्गीविरङ्गी चरा र वन्यजन्तुको चहलपहल हुन छाड्दा वनको रमाइलो घटेको नजिकका बासिन्दा बताउँछन् ।

अहिले दिनहुँजसो वनक्षेत्रमा डढेलो बढ्दै गएपछि चराचुरुङ्गी र वन्यजन्तुको चहलपहल देखिन छाडेको यिनका आनीबानी बुझेका वनक्षेत्र नजिकका सर्वसाधारणको भनाइ छ । बर्दिबास नगरपालिकाको मुख्यकेन्द्र बर्दिबासचोकबाट पाँच सय मिटरमात्र दूरीमा रहेका नेबारडाँडा, कामीडाँडा, पानीखोल्सी र रातमाटा सामुदायिक वनमा सहजै देखिने मयुर फागुन १५ गते यता देखिन छाडेको बर्दिबास-१ र ३ को गौरीडाँडाका बासिन्दा बताउँछन् ।

"मयुर त जताततै देखिन्थे, यसो खोल्सीतिर पस्ने बित्तिक्कै थरिथरिका चराको चिरबिर सुनिन्थ्यो", बर्दिबास-१ का बासिन्दा विनोद खड्का भन्नुहुन्छ, "अचेल केही दिनयता यी चरा देखिँदैनन् ।" त्यसैगरी वनमा बाक्लै रहने खरायो, दुम्सी, फ्याउरो र स्याल पनि हराएका खड्का बताउनुहुन्छ । यी तीनवटै सामुदायिक वन बर्दिबास-१ को मुख्यचोक र ३ को गौरीडाँडा बस्तीमाभमा पर्छन् ।

पछिल्लोपटक तीन दिनदेखि नेवारडाँडा-कामीडाँडा वनमा डढेलो लाग्दै आएको छ । त्यसैगरी रातमाटा वनक्षेत्रका कैयौँ ठाउँमा डढेलो बढ्दै गएको छ । आफ्नो बासस्थान वरपर डढेलो बढ्दै गएपछि चराचुरुङ्गी र वन्यजन्तु कतिपय डढेलाको चपेटामा परी मरेका तथा अरु ज्यान जोगाउन अन्तै गएपछि वन सुनसान भएको बर्दिबास-३ का वडाध्यक्ष बिराट बिष्ट बताउनुहुन्छ ।

उहाँ भन्नुहुन्छ, "भखैरै दुई दिनअघिमात्र नेवारडाँडा-कामीडाँडा वनको सिरानस्थित सुरेश बस्नेतको घरमा डढेलो लाग्यो ।" दिनदिनैको डढेलोले वनसँगै टाँसिएका बस्तीका बासिन्दा राति निश्चिन्त भएर सुत्न नसकेका बिष्टको भनाइ छ । "त्रासैत्रासमा छौं, कतिखेर डढेलो कहाँ देखिने हो भन्ने मनमा कुरा खेलिरहन्छ", बिष्टले भन्नुभयो ।

यसैगरी जिल्लाको चुरे पहाडी शृङ्खला बर्दिबास नगरक्षेत्रमै पर्छ । पूर्वपश्चिम राजमार्ग वारिपारिका सबैजसो वनमा अहिले डढेलोको मुस्लो, डढेलोले जलेको ठुटा र खरानी देखिन्छ । डढेलोले गर्दा वनका चराचुरुङ्गी, जीवजन्तु हराउनुका साथै बहुमूल्य जडीबुटी तथा काठ डढेर खरानी भएको देख्नुपरेको ६० वर्षीया कर्णमाया गुर्मछाने बताउनुहुन्छ ।

पूर्वमा रातुपुलबाट पश्चिममा बाँके पुलसम्म पूर्वपश्चिम राजमार्गको १८ किलोमिटर दूरी महोत्तरीमा पर्छ । यो दूरीभित्रको भ्भ्सीपुलबाट बाँकेसम्मको करिब १५ किमी दूरीभित्र दायाँबायाँ वनक्षेत्र छ । अहिले दिनहुँ वनक्षेत्रमा जताततै डढेलोले वनसम्पदा सखाप पार्दैछ । यसपालि हिउँदे वर्षा नहुँदा वनक्षेत्रमा सुकेर झरेको पतिङ्गरमा आगो चाँडै फैलँदा छिनभरमै जताततै काला ठुटा र खरानी देखिन्छ ।

यता वनसम्बद्ध कर्मचारी भने आवश्यक सङ्ख्याका सुरक्षा जनशक्ति नहुँदा सघन गस्ती हुन नसकेको बताउँछन् । "हामीसँग भएको जनशक्ति हिँडेकोहिड्यै छ, एकातिर गयो, अर्कोतिर डढेलो लाग्छ", बाँके सबडिभिजन वन कार्यालयका एक कर्मचारीले भने, "यो वन कर्मचारीबाट मात्रै नियन्त्रण हुनसक्ने कुरा होइन ।"

बर्सेनि डढेलोविरुद्ध जनचेतना अभिवृद्धिका कार्यक्रम गरिए पनि यो समस्या भने घटेको छैन । वनक्षेत्र नजिकका पशुपालक किसानका गोठालाले नै डढेलो लगाएपछि वर्षा हुनासाथ नयाँ घाँस पलाउने विश्वासमा डढेलो लाउने गरेका वनसम्बद्ध कर्मचारीको निष्कर्ष छ ।

"कतिपय अवस्थामा रुख-रुखको घर्षणबाट निस्कने आगोले पनि डढेलो सल्कन्छ, तर यस्तो कमै हुन्छ", गण्तता सबडिभिजन वन कार्यालयका प्रमुख सहायक वन अधिकृत रामसुन्दर साह भन्नुहुन्छ, "हामीकहाँ भने असावधानीसाथ मिल्काइएका बिँडीचुरोटका ठुटा र घाँस पलाउने आशमा गोठालाले सल्काउने आगोले नै डढेलो लाग्ने गरेको छ ।"

वनसम्बद्ध कर्मचारी सबै ठाउँमा पुग्न नसक्ने हुँदा यसमा आम सर्वसाधारणको चासो आवश्यक रहेको साह बताउनुहुन्छ । वनक्षेत्र नजिकका बस्ती-बस्तीमा डढेलोविरुद्धको जिम्मेवारीसहितको सामुदायिक सहभागिता बढाउन सके यो समस्या घटाउन सकिने वनविज्ञ बताउँछन् ।

वन वरपरका सबै बस्तीमा स्थानीय जनप्रतिनिधि, सामाजिक सङ्घसंस्थाका प्रतिनिधि र सर्वसाधारणलाई आवश्यक तालिम दिएर सङ्गठित सामाजिक जिम्मेवारी दिए यसमा सुधार आउनसक्ने चुरे तथा वनवारे काम गर्दै आएको सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल बर्दिबासका अध्यक्ष नागदेव यादवको सुझाव छ ।

जिल्लामा राष्ट्रिय वन, सामुदायिक वन, धार्मिक वन र सागरनाथ वन विकास परियोजनासमेत २४ हजार हेक्टरभन्दा बढी वनक्षेत्र रहेको तथ्याङ्क छ । अतिक्रमण र डढेलोको चपेटाले दिनदिनै सघन वनक्षेत्र पातलिँदै गएको वनसम्बद्ध कर्मचारी नै स्वीकार गर्छन् ।

# पुनःस्थापनाका कार्यक्रम ल्याउन हरवाचरवाको माग

जनकपुरधाम, १ चैत (रासस) ।

राष्ट्रिय हरवाचरवा अधिकार मञ्चले अधिकारसम्पन्न हरवाचरवा पुनःस्थापना समिति गठन गरी लगत सङ्कलन तथा बहुआयामिक गरिबी निवारणसहित पुनःस्थापनाका कार्यक्रम ल्याउन मधेस प्रदेश सरकारसित माग गरेको छ ।

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवलाई मङ्गलबार ज्ञापनपत्र बुझाउँदै मञ्चका अध्यक्ष दशनलाल मण्डलसहितको टोलीले २०७९, साउन २ गते सङ्घीय सरकारले हरवाचरवा मुक्ति, ऋण तथा कागजात खारेजीको घोषणा गरे पनि पुनःस्थापनाका काम अगाडि नबढेको भन्दै गुनासो गरेको छ । प्रदेश सरकारलाई एकीकृत प्याकेजसहित न्यायिक पुनःस्थापना गर्नुपर्ने र त्यसका लागि तत्काल अधिकारसम्पन्न हरवाचरवा पुनःस्थापना समिति गठनको माग गरिएको अधिवक्ता बालाराम भट्टराईले जानकारी दिनुभयो ।

संविधान र कानुनले निषेध गरेको हरवाचरवा प्रथा मधेस प्रदेशका आठ जिल्लामा अझै अस्तित्वमा रहेकाले यसलाई हटाउन विस्तृत कार्ययोजना र कार्यविधि तत्काल प्रदेश मन्त्रिपरिषद्बाट पारित गरी जीविकोपार्जनका लागि पर्याप्त जोतिखाने भूमि, शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा र समावेशीकरणसहितको एकीकृत प्याकेज घोषणा गर्न माग गरिएको छ । मुख्यमन्त्री यादवले ज्ञापनपत्रमा उठाइएका विषय सम्बोधनका लागि प्रदेश सरकारले आवश्यक नीति तथा योजना अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभएको मञ्चका अध्यक्ष मण्डलले बताउनुभयो ।

"मुख्यमन्त्रीले आगामी आर्थिक वर्षको नीति, बजेट तथा कार्यक्रममार्फत ठोस कार्यक्रम ल्याउन छलफल गर्ने प्रतिबद्धता जनाउनुभएको छ । यसबाट हामी आशावादी भएका छौं", उहाँले भन्नुभयो । ज्ञापनपत्रमा पुनःस्थापनाका लागि एकीकृत प्याकेज घोषणा, रोजगारीविहीन हरवाचरवालाई छ महिनाभन्दा लामो दीर्घकालीन प्रकारको सीपसम्बन्धी तालिम, रु एक लाखको बीउ पुँजी र आवश्यक औजार प्रदान गर्नुपर्ने, बहुआयामिक गरिबी निवारण कार्यक्रम ल्याउनुपर्ने, प्रदेश सरकार र स्थानीय तहलाई निर्देशित र परिचालित गरेर तुरुन्तै सुरु हुने गरी हरवाचरवाको लगत सङ्कलन र सोका लागि एक अधिकारसम्पन्न हरवाचरवा पुनःस्थापना समिति गठन तथा आगामी नीति तथा कार्यक्रम र बजेटमा हरवाचरवाको पुनःस्थापनाका लागि पर्याप्त बजेट विनियोजनको माग गरिएको छ ।

# हार्दिक श्रद्धाञ्जली



जन्म मिति
बि. सं. १९९८/५/४

स्वर्गारोहण
बि. सं. २०७९/११/१७

**स्व. देवकी देवी साह "हलुवाई"**

हाम्रा ममतामयी आमा देवकी देवी साहको स्वर्गारोहण भएको १३ औं दिनको पुण्यतिथिमा उहाँको आत्माको चिरशान्तिका लागि भगवानसँग प्रार्थनाका साथै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । यस घडीमा हामीप्रति समवेदना प्रकट गर्नुहुने सम्पूर्ण आफन्तजन, इष्टमित्र तथा साथीभाइहरु प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौं ।

**छोरा**
कपलेश्वर प्रसाद साह
किशोर कुमार साह
अशोक कुमार साह
बसन्त कुमार साह

**बुहारी**
उर्मिलादेवी साह
लक्ष्मीदेवी साह
सीतादेवी साह
रन्जुदेवी साह

**छोरी**
फुलो देवी साह

**ज्वाई**
अभय प्रताप साह

**नाति :** राजेश कुमार साह, विशाल कुमार साह ललित कुमार साह, अमित कुमार साह, अभिषेक साह, प्रेम साह, शिवम साह, प्रतिक साह

तथा समस्त साह परिवार

## विश्व समाचार

# पूर्वप्रम खानका समर्थक र प्रहरीबीच झडप, प्रमुख शहरमा प्रदर्शन

लाहोर, १ चैत (रासस/एएफपी) ।

पूर्वप्रधानमन्त्री इमरान खानलाई पक्राउ गर्न आएका प्रहरी र उहाँका समर्थकबीच यहाँस्थित खान निवास अगाडि झडप भएको छ भने प्रमुख शहरमा प्रदर्शन भएका छन् । पूर्वप्रधानमन्त्री खानले पनि गिरफ्तारी दिन अस्वीकार गर्नुभएको छ ।

मंगलबारराति पनि पाकिस्तान तहरीक-ए-इन्साफ (पिटिआइ)का कार्यकर्ता र सुरक्षाकर्मीबीच खानको जमान पार्कस्थित घर नजिक झडप भएको थियो । प्रहरी र अर्धसैनिक बलका जवानले अश्रुग्यास प्रहार गरेपछि खानका क्रुद्ध समर्थकहरूले ढुङ्गामुढाले प्रतिकार गरेका थिए । पिटिआईका एकजना कार्यकर्ताका अनुसार पानीको फोहरा र अश्रुग्यास प्रहार गर्दै आएका सुरक्षाकर्मीले गोलीसमेत हान्न थालेका बताएका छन् ।

गत वर्ष विश्वासको मत प्राप्त नभएपछि पदमुक्त भएका खानमाथि भ्रष्टाचारलगायत विभिन्न मुद्दा लगाइएको छ । उनले आम निर्वाचनको माग गर्दै आएका छन् । सार्वजनिक रूपमा सरकारका कटु आलोचना गर्दै आएका उहाँमाथि प्रधानमन्त्री हुँदा प्राप्त उपहार बेचेको तथा प्राप्त आम्दानी सार्वजनिक नगरेको आरोप लगाइएको छ । सोही विषयमा जानकारी दिन अदालतले उहाँलाई बोलाएको छ । अदालतको आदेश पालना नगरेकाले उनलाई पक्राउ गर्न आफूहरू आएको एक जना वरिष्ठ प्रहरी अधिकारीले एएफपीलाई बताए ।

इस्लामावाद प्रहरीका उपमहानिरीक्षक सैयद शहजाद नदीम बुखारीले अदालतको आदेश कार्यान्वयन गर्न नेता खानको घर आएको स्पष्ट गरेका छन् । पञ्जाबका प्रहरी प्रमुख उस्मान अन्वरले अदालतको आदेशलाई जुनसुकै मूल्यमा पनि पालना गर्नुपर्ने बाध्यता रहेको बताए ।

पिटिआईका समर्थकहरूको एक समूहले दक्षिणी बन्दरगाह शहर कराँची र उत्तरपश्चिमको पेशावरमा पनि जुलुस निकालेका छन् । उनीहरूले सडक पनि अवरुद्ध पारेका छन् । कुनै समयका क्रिकेट सुपरस्टार ७० वर्षीय खानलाई हिरासतमा राख्ने प्रयास यसअघि पनि भएको थियो । उनीमाथि ज्यान मार्ने उद्देश्यका साथ गोली प्रहारसमेत भएको थियो । प्रधानमन्त्री शेहबाज सरिफको आदेशमा आफ्नो हत्या प्रयास गरिएको आरोप खानले लगाउँदै आउनुभएको छ ।

पिटिआईका एक वरिष्ठ अधिकारीका अनुसार इस्लामाबाद उच्च अदालतमा खानको गिरफ्तारी रोक्न रिट दायर गरिएको छ । उक्त रिटमाथि बुधबार} सुनुवाई हुने अपेक्षा गरिएको छ । गिरफ्तारी रोक्न अदालतबाट आदेश भएमा स्थिति स्वतः साम्य हुनेछ । पार्टीका पदाधिकारीहरूले लाहोरको अदालतमा पनि त्यस्तै रिट दायर गरेका छन् ।

राजनीतिक अस्थिरताका कारण निरन्तर शिथिल हुँदै गएको पाकिस्तानको अर्थतन्त्रलाई उकास्न अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रयास असफल भएका बेला अतिवादी समूहहरूले बेलाबेलामा गर्ने घातक आक्रमण एवम् आत्मघाती हमालाबाट दक्षिण एसियाली निरन्तर प्रताडित भइरहेको छ । कानुन कार्यान्वयनमा कठिनाई हुँदा आपराधिक गतिविधि नियन्त्रणमा पनि असर परेको छ ।

राजनीतिक नेताले आफ्ना कार्यकर्ता र समर्थकहरूलाई प्रयोग गरेर गिरफ्तारीलाई अस्वीकार गर्नुले पाकिस्तानको सबैभन्दा खराब अवस्थालाई प्रतिविम्बित गरेको लेखक, राजनीतिक विश्लेषक र मानवअधिकार कार्यकर्ता तौसीफ अहमद खान बताउछन् ।

# जापानमा युटचुबर सांसद निष्काशित

टोकियो, १ चैत (रासस/एएफपी) ।

जापानमा युटचुबरका रूपमा प्रख्यात भएपछि सांसद बनेका एक नेतालाई निष्काशन गरिएको छ । सांसद निर्वाचित भएपछि एक दिन पनि सदनमा उपस्थिति नभएका उनलाई मङ्गबार संसद्बाटै निष्काशन गरिएको हो ।

गत जुलाईमा निर्वाचित योशिकाजु हिगाशिशतानी अनिवार्यरूपमा उपस्थित हुनुपर्ने संसदीय बैठक एवम् अधिवेशनमा एकपटक पनि उपस्थित नभएपछि निजलाई जापानको माथिल्लो सदनले मङ्गलबार निष्काशन गरेको हो । सदनको हिजोको उक्त निर्णय बुधबारदेखि लागू भएको छ ।

गासी उपनामले चिनिने योशिकाजु ७० वर्षपछि जापानको संसद्बाट निष्काशित हुने पहिलो सांसद भएका छन् । यसअघि सदनले उनलाई महिनौं लामो अनुपस्थितिका लागि क्षमा याचना गर्न आदेश दिएको थियो तर उनले त्यसको बेवास्ता गरेका थिए । एकउन्न वर्षीय उनको दलबाट दुई जना सांसद निर्वाचित छन् । उनी निष्काशित भए पनि अर्को एक सदस्यले उनको स्थानमा काम गर्नेछन् ।

दुबईमा बसोबास गरिरहेको पूर्व व्यापारी उनले जापान फर्केमा पक्राउ पर्ने बताएका छन् । मानहानीको आरोपमा उनलाई सम्बद्ध अधिकारीले सोधपुछ गर्न पक्राउ गर्नसक्ने उनले बताएका छन् । जापानको सार्वजनिक प्रसारण संस्थामा परिवर्तनको अभियान चलाएको उनको दल एनएचके पार्टीका रूपमा परिचिति थियो ।

# शिक्षा तथा बाणिज्यमा सुधारका लागि मन्त्रालयले सार्वजनिक गऱ्यो १६ बुँदे योजना



**दैनिक समाचारदाता**
**जनकपुरधाम, १ चैत ।**
मधेश प्रदेश सरकारका शिक्षा, विज्ञान, प्रविधी तथा बाणिज्य मन्त्री महेश प्रसाद यादवले शिक्षा तथा बाणिज्यमा सुधारका निम्ति १६ बुँदे योजनाहरु सार्वजनिक गरेका छन् ।

बुधबार जनकपुरस्थित शिक्षा, विज्ञान, प्रविधि तथा बाणिज्य मन्त्रालयमा पत्रकार सम्मेलनको आयोजना गरि उक्त १६ बुँदे योजनाहरु सार्वजनिक गरेका हुन् ।

पत्रकार सम्मेलनमा मन्त्री यादवले मधेश प्रदेशको शिक्षा अवस्था कमजोर हुनुको मुख्य कारण सबै पक्ष आफ्नो दायित्वबाट पन्छिएको बताए । उनले खास गरी सिमान्तकृत समुदाय, दलित, गरीब समुदायका बच्चाहरु समुदायिक विद्यालयमा बढि संख्यामा पाएको भन्दै त्यहाँका अभिभावकहरुको चेतनाको अभाव देखियो बताए ।

उनले शिक्षकहरुले गरिनु पर्ने जतिको पठनपाठन काममा पनि ढिल्लासस्ती, विद्यालयका प्रधानाध्यापकहरु पूर्णकालिन राजनीतिमा लिप्त रहेको दाबी गरे । विगतका सरकारहरु पनि अव्यवस्थित र अवैज्ञानिक ढङ्गले भौतिक संरचना निर्माणमा मात्रै ध्यान दिएको उनले आरोप समेत लगाए ।

सोही पत्रकार सम्मेलनमा मन्त्री यादवले शिक्षालयको मुख्य काम शिक्षालाई प्रगतिशील बनाउने तथ्यलाई कसैले आत्मसात नगरेको तथा शिक्षा सम्बन्धीको नयाँ ऐन कानुन र नीतिको समेत अभाव रहेको बताए ।

पत्रकार सम्मेलनमा सार्वजनिक गरिएका १६ बुँदे योजनाहरुमा लचकदार व्यवहार अवलम्बन, नतिजामुखी नीति निर्माणमा जोड, त्रिपक्षिय समन्वय, साक्षर मधेश प्रदेश घोषणा, सिमान्तकृत समुदायको लागि विशेष नीति, क्युईएमएस नीति, प्रदेशिक शिक्षा ऐन, दण्ड पुरस्कार नीति, शिक्षा विज्ञहरुसँग त्रैमासिक स्कुलिङ, टेक्नोलोजि फर गार्जियन, मधेश कृषि विश्वविद्यालयमा नयाँ वर्षदेखी पठनपाठन, व्यवहारिक, संस्कारी र मातृभाषा शिक्षमा जोड, विज्ञान, प्रविधिसँग सम्बन्धीत प्रदेश स्तरिय बिग प्लान्ट जडानमा जोड, व्यापार तथा बाणिज्य सम्बन्धी विशेष नीति, प्रदेश स्तरमा हानिकारक पदार्थको नियमन र व्यवस्थापन तथा प्रदेश सरकारलाई आर्थिक रुपले सम्बृद्ध बनाउन आर्थिक मितव्ययतता सिद्धान्तलाई अभ्यासमा ल्याउने रहेका छन् ।

### अधुरो योजनाहरु ...

कार्कीले वसपार्क निर्माण कार्यमा ठेकेदारले ढिलासुस्ती गर्दा सडक किनारबाटै सवारी साधन संचालन भइरहेको र यसबाट दुर्घटनाको जोखिम बढ्नुका साथै ट्राफिक व्यवस्थापनमा समेत चुनौती थपिएको बताए ।

छलफलमा ठेकेदार कम्पनीका प्रतिनीधीहरुले कोरोना, मंहगी, समय मै साईड क्लियरेन्सको अभाव लगायतका कारण ढिलाई भएको स्विकार्दै अब समय मै काम गर्ने प्रतिबद्धता जनाएका थिए ।

कार्यक्रममा जिल्लामा संचालन रहेका योजनाहरु संग सम्बन्धित कार्यालयका प्रमुखहरु, यातायात व्यवसायी, यातायात मजदुर, जनप्रतिनीधी, संचारकर्मी लगायतको उल्लेख्य सहभागिता रहेको थियो ।

# मदरसाका शिक्षक र कर्मचारी आन्दोलित

**दैनिक समाचारदाता**
**राजविराज, १ चैत ।**
सप्तरी जिल्लामा संचालनमा रहेका धार्मिक प्रकृतिका मदरसाहरुमा कार्यरत शिक्षक र कर्मचारीहरु आन्दोलित भएका छन् ।

दुःख दिने नियतले सरुवा गर्न थालिएको भन्दै मदरसा समन्वय समिति सप्तरीको अगुवाईमा आन्दोलन कार्यक्रम घोषणा गरिएको छ ।

समितिको अगुवाईमा बुधबार प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापालाई आन्दोलन कार्यक्रम सहितको ध्यानाकर्षण पत्र बुझाइएको छ । पत्रमा आफुहरुको माग यथाशिघ्र सम्बोधन नभए आन्दोलनका थप सशक्तका कार्यक्रमहरु अघि बढाईने र यसबाट उपत्पन्न हुने असहज परिस्थितिको जिम्मेवार सम्बन्धित निकाय नै हुने जनाइएको छ ।

घोषित आन्दोलन कार्यक्रम अनुसार चैत २ गते कालो पट्टी बाँधेर काम गर्ने, चैत ३ गते जिल्लास्थित सबै मदरसामा आधा दिन पठन पाठन ठप्प पार्ने, चैत ४ गते पूर्ण रुपमा पठन पाठन बन्द तथा चैत ६ गतेदेखि अनिश्चितकालीन मदरसा बन्दको आयोजना गरिने भएको छ ।

मदरसामा कार्यरत शिक्षक तथा कर्मचारीलाई दुःख दिने नियतले परम्परागत धार्मिक विद्यालय संचालन निर्देशिका २०७९ तथा शिक्षा ऐन नियमावली विपरीत विष्णुपुर गाउँपालिकाले सरुवा गर्न थालेको भन्दै मदरसा समन्वय समितिको अगुवाईमा आन्दोलन गरिने जनाइएको छ ।

# कोइला बोकेको ट्रक अनियन्त्रित भई पल्टिदा चालक र सहचालक घाइते

**दैनिक समाचारदाता**
**राजविराज, १ चैत ।**
सप्तरीको रुपनी गाउँपालिका ६ जगमोहनस्थित पुर्व पश्चिम राजमार्गमा कोइला बोकेको एक भारतीय नम्बरको ट्रक आफै अनियन्त्रित भई पल्टिदा चालक र सहचालक घाइते भएका छन् ।

पुर्वबाट पश्चिमतर्फ जादै गरेको बी.आर.३०जि.ए.६४०८ नम्बरको भारतीय ट्रक पल्टिदा ट्रकका चालक भारतको बिहार राज्य अन्तरगत पुर्णिया ग्राम पंचायत बस्ने ३० वर्षिय सन्तोष कुमार महतो र सहचालक २० वर्षका नितिशकुमार सहनी घाइते भएका हुन् ।

चालक महतोको हात र खुट्टामा चोट तथा सहचालक सहनीको अनुहार र दाँया खुट्टामा चोट लागेको दुबै जनाको युनिक अस्पताल रुपनी उपचार भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# ग्यास लिक हुदा आगलागि

**दैनिक समाचारदाता**
**राजविराज, १ चैत ।**
सप्तरीको बलान बिहुल गाउँपालिका २ स्थित घरमा मंगलबार आगलागि हुँदा एउटा फुसको घर जलेको छ । आगलागिमा स्थानिय बिघिया बस्ने राम बिलाश यादवको एक तल्ले फुसको घर जलेको प्रहरीले जनाएको छ ।

खाना पकाउने क्रममा ग्यास लिक भई आगलागि हुँदा ५० हजार मुल्य बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । आगो नेपाल प्रहरी र स्थानियबासिको सहयोगमा नियन्त्रणमा आएको प्रहरीले जनाएको छ ।

यस्तै मंगलबारै जिल्लाको सुरुङगा नगरपालिका ९ परमाणपुरस्थित परमाणपुर बन समुदाय नर्सरी जंगलमा आलागि भएको छ । अचानक भएको अगलागिमा कुनै अप्रिय घटना नभएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# यादवलाई मत दिने कांग्रेसको निर्णय

काठमाडौं, १ चैत (रासस) ।
नेपाली कांग्रेस आसन्न उपराष्ट्रपति पदको निर्वाचनमा जनता समाजवादी पार्टी नेपाल (जसपा) का नेता रामसहायप्रसाद यादवलाई मत दिने निर्णय गरेको छ । उपराष्ट्रपति पदको निर्वाचनमा यही चैत ३ गते हुँदैछ ।

कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बुधबार बसेको बैठकले सत्तागठबन्धनका तर्फबाट उपराष्ट्रपति पदका उम्मेदवार जसपा नेपालका नेता यादवलाई मत दिने निर्णय गरेको हो ।

बैठकले गत फागुन २५ गते राष्ट्रपतिमा निर्वाचित वरिष्ठ नेता रामचन्द्र पौडेललाई बधाई तथा शुभकामना दिनाका साथै उहाँलाई मतदान गर्ने सबैप्रति धन्यवाद ज्ञापन गरेको छ । यसैगरी बैठकले चितवन-२ मा हुने उपनिर्वाचनका लागि उम्मेदवारको सिफारिस गर्न पत्राचार गर्ने निर्णय गरेको महामन्त्री गगनकुमार थापाले जानकारी दिनुभयो ।


डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

➤ मदिरा तथा सुर्तिजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक छन् ।
➤ यस्ता वस्तुको उपभोग नगरौं/नगराऔं ।
➤ मदिरा तथा सुर्तिजन्य पदार्थको विज्ञापन गर्न नपाइने कानूनी व्यवस्था छ ।
➤ कानूनको पूर्णरुपमा पालना गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np